प्रदेश सरकार

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

कृषि विकास निर्देशनालय

कृषि ज्ञान केन्द्र, गोरखा

गण्डकी प्रदेश, नेपाल

फोन नं.: ०६४-४२०११३
फ्याक्स नं: ०६४-४२१५१४
Email:akcgorkha@gmail.com

पत्र संख्या: ०७७/७८

सूचना नं:१०

**सूचना!! सूचना!! सूचना !!**

(प्रथम पटक प्रकाशित मिति:२०७७/०६/२८)

कृषि ज्ञान केन्द्र गोरखाको आ.व. २०७७/७८ को बार्षिक स्वीकृत कार्यक्रम अनुसार ग्रामिण क्षेत्रमा करेसावारी तथा घर बगैंचा स्थापना कार्यक्रम संचालनका लागि अनुदान सहयोग उपलब्ध गराउने कार्यक्रम रहेको हुदाँ गोरखा जिल्ला भित्रका कृषि सँग सम्बन्धित कृषक समूह तथा कृषि सहकारीहरुले सूचना प्रकाशन भएको मितिले ३० दिन भित्र तोकिएको ढाँचामा परियोजना प्रस्ताव सहित देहाय अनुसारका कागजातहरु तथा निवेदन कृषि ज्ञान केन्द्र, गोरखामा पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| क्र.स | कार्यक्रमको नाम | अधिकतम अनुदान सहयोग | लक्ष (संख्या) | कैफियत |
|---|---|---|---|---|
| १ | ग्रामिण क्षेत्रमा करेसावारी तथा घर बगैंचा स्थापना कार्यक्रम | • स्वीकृत बजेटको परिधिमा रही कूल लागतको बढीमा ९० प्रतिशत सम्म<br>• प्रति घरधुरी भकारो सुधार तथा मल मुत्र संरक्षण कार्यका लागि अधिकतम दश हजार रुपैंया सम्म।<br>• प्रति घरधुरी प्लाष्टिक घर निर्माणका लागि अधिकतम बीस हजार रुपैंया सम्म।<br>• प्रति घरधुरी तरकारी बीउ, बेर्ना तथा फलफुल बिरुवा खरीदका लागि अधिकतम दुईहजार रुपैंया सम्म।<br>• प्रति घरधुरी घरबगैंचामा सिँचाईका लागि आवश्यक ट्याङ्की, पाईप तथा अन्य औजार खरीदका लागि अधिकतम आठ हजार रुपैंया सम्म।<br>• प्रति घरधुरी अधिकतम पच्चिस हजार रुपैंयासम्म अनुदान सहयोग उपलब्ध गराउन सकिनेछ। | ३४ | • कार्यक्रममा सहभागी हुन कृषक समुह वा सहकारी संस्थाले कम्तीमा १० घरधुरी संलग्न हुने गरी क्लष्टर बनाई प्रस्ताव पेश गर्न सक्नेछन।<br>• छनौट भएका क्लष्टरमा संलग्न प्रत्येक घरधुरीले देहाय अनुसारको कार्यहरु गर्नुपर्नेछ।<br>✓ कम्तीमा ६० वर्गमिटरको प्लाष्टिक घर निर्माण गरी प्रतिसिजन ५ किसिमका तरकारी /मसला बालीहरु लगाएको हुनुपर्ने।<br>✓ ,कम्तीमा १ वटा गाई/भैंसि पालन गरी भकारी सुधार तथा मलमुत्र संरक्षण गरेको हुनुपर्ने।<br>✓ कम्तीमा २ वटा मौरी घार र ३ किसिमका १० वटा फलफुल लगाउनुपर्ने। |

**आवश्यक कागजातहरु:**

- समुह/सहकारीको दर्ता प्रमाणपत्रको प्रतिलिपि।
- PAN/कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि।
- स्थानीय तहको सिफारिस।
- समुह/सहकारीको गत आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन तथा कार्य समितिको निर्णयको प्रतिलिपि।
- कार्यक्रम संचालन गर्ने जग्गाको जग्गाधनीको पुर्जाको प्रतिलिपि ।

**थप जानकारीको तथा सम्पर्कको लागि**

फोन नः०६४-४२०११३

ईमेल: akcgorkha@gmail.com

वेवसाइट: www.gorkha.akc.gov.np

सम्पर्क अधिकृत:

श्री भवनाथ देवकोटा

स.नं.: ९८४६५७८६८४

मनिता थापा

मनिता थापा

प्रमुख

*नोट: यो कार्यक्रम गण्डकी प्रदेश सरकारको बजेट तथा कार्यक्रम कार्यन्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७ तथा ग्रामिण क्षेत्रमा करेसावारी तथा घर बगैंचा स्थापना कार्यक्रम संचालन मापदण्ड, २०७७ को अधीनमा रही संचालन हुनेछ ।*

Scanned with CamScanner